**राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष श्री दीपेन्द्रवहादुर क्षेत्रीज्यूको अध्यक्षतामा मिति २०६८/८/७ गते बसेको बैठकमा भएको छलफल तथा निर्णयहरू**

१. राष्ट्रिय योजना आयोगका सदस्य-सचिव श्री युवराज भुसाल समेतको टोलीबाट हालै गोरखा, लमजुङ्ग, तनहुं र कास्की जिल्लामा गरिएको भ्रमण सम्बन्धमा आयोगमा जानकारी गराउनु भयो । उक्त सबै जिल्लामा सञ्चालन भइरहेका विकाससंग सम्बन्धित कार्यक्रमहरूको स्थलगत निरीक्षण, जिल्लामा कार्यरत कार्यालय प्रमुखहरूसंग अन्तरक्रिया गर्दा जानकारी हुन आएका विकाससंग सम्बन्धित समस्याहरूको जानकारी गराउनु भयो ।

२. केही जिल्लाहरूमा पुल निर्माण सम्बन्धमा विवाद आइरहेको स्थितिलाई मध्यनजर गर्दै केही स्थानहरूमा भौतिक योजना तथा निर्माण मन्त्रालयको प्राविधिक प्रतिनिधि सहित राष्ट्रिय योजना आयोगको सचिवालयबाट एक स्थलगत निरीक्षण टोली खटाई वस्तुस्थितिको जानकारी लिई प्रतिवेदन पेश गर्न अनुगमन तथा मूल्याङ्कन महाशाखाले समन्वय गर्ने निर्णय गरियो ।

३. प्रताप स्मृति कलेज लामिडाँडा सिँगटी, दोलखाले शिरिषघारी सामुदायिक वनको करिब २० रोपनी जग्गामा कलेज भवन बनाउने लगायत सो कलेजले भोग चलन गर्नका लागि आवश्यक प्रक्रिया पूरा गर्न शिक्षा क्षेत्र प्राथमिकता प्राप्त क्षेत्रभित्र पर्ने नपर्ने किटान हुन मा.उपाध्यक्षज्यू समक्ष दिएको निवेदनमाथि कारवाही हुँदा शिक्षा क्षेत्र प्राथमिकता क्षेत्रभित्र पर्ने जानकारी गराउने निर्णय गरियो ।